# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३६३/२०७१/०७२

निर्णय नं. ३२०

रौतहट जिल्ला, भलोहिया बस्ने प्रविण कुमार शर्मा.......................................................१ निवेदक

विरुद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, रौतहट.......................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, रौतहट.......................................................१

विषय :- तामेलीमा राख्ने ।

रौतहट जिल्ला, भलोहिया बस्ने प्रविण कुमार शर्माले जिल्ला स्वास्थ्य कार्यालय, रौतहट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७१।२।२३ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगको मिति २०७१।१२।२७ च.नं.५८८ को पत्रबाट जिल्ला स्वास्थ्य कार्यालयलाई सोकाबारे स्पस्ट खुलाई पठाउन लेखिएको । उपर्युक्त अवस्था पछि लामो समयसम्म पनि निवेदकले सूचना पाईन भन्न नआएकोले भविष्यमा निजले सम्वन्धित कार्यालयबाट सूचना प्राप्त नभएको भनी उजूरी/निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुँदा हाललाई प्रस्तुत मिसिल तामेलीमा राखिएको छ । यसको लगत तामेलीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम ।